नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पुराना इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा फर्निचर सामान लिलाम बिक्री आह्ववानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/१०/२९)

यस मन्त्रालयमा रहेका तपशीलमा उल्लिखित पुराना इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा फर्निचर सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बढाबढ बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न सर्तको अधिनमा रही यस शिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**सामानको विवरण**

| सि.नं. | सामानको विवरण | न्यूनतम मूल्य | बोलपत्र दस्तुर |
|---|---|---|---|
| १. | पुराना इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा फर्निचर सामानहरू | ९,०३,८०४.३६ मात्र | १,०००/- |

**सर्तहरू:**

१. इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मिति १५ (पन्ध्रौं) दिनसम्म कार्यालय समयभित्र सिलबन्दी बोलपत्र सम्बन्धी कागजात रू.१,०००/- (एक हजार मात्र) यस मन्त्रालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबारमा रहेको राजस्व खाता न. १०००१००२०००१००००, कार्यालय कोड नं. ३०५००३५०१, राजस्व शीर्षक नं १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर र फर्म दर्ता/नवीकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र तथा आ.व. २०७९/०८० को करचुक्ताको प्रमाणपत्र र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी मन्त्रालयको जिन्सी व्यवस्थापन शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका बोलपत्र फारामहरू यो सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिनको १२:०० बजे भित्र यस मन्त्रालयको जिन्सी व्यवस्थापन शाखामा दर्ता गरिसक्नु पर्नेछ। उक्त म्याद पछि पेस भएका बोलपत्र मान्य हुने छैनन्। म्यादभित्र दर्ता भएका बोलपत्रहरू सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिनको दिउँसो २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा अन्तिम दिनको भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिनेछ।

४. बोलपत्रदाताले कोष तथा लेखा नियन्त्रक कार्यालय भूक्तानी केन्द्र ४, सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार स्थित धरौटी खाता नं. १९६०१००१०२०३०००० (कार्यालय कोड नं. ३०५००३५०१) मा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुन आउने रकम दाखिला गरी सोको सक्कल भौचर समेत पेस गर्नुपर्नेछ।

५. बोपत्रपत्र स्वीकार गर्ने, अस्वीकार गर्ने, आंशिक स्वीकार गर्ने, रद्द गर्ने जस्ता बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ।

६. रीत नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा सर्तसहितको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिनभित्र बोलपत्रमा कबोल गरेको अङ्क बराबरको रकम यस मन्त्रालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबारमा रहेको राजस्व खाता न. १०००१००२०००१००००, कार्यालय कोड नं. ३०५००३५०१, राजस्व शीर्षक नं १४२१२ मा दाखिला गरेको सक्कल भौचर पेस गरी लिलाम सूचीमा रहेका सम्पूर्ण मालसामान उठाई लैजानु पर्नेछ।

८. बोलपत्रदाताले आफुले कबोल गरेको रकममा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर बापतको रकम समेत दाखिला गर्नुपर्नेछ।

९. इच्छुक कम्पनी, फर्म तथा व्यक्तिले लिलाम सूचीमा रहेका मालसामानहरू हेर्न चाहेमा कार्यालय समयमा दिउँसो २ बजेदेखि ४ बजेसम्म यस मन्त्रालयको जिन्सी व्यवस्थापन शाखामा सम्पर्क गरी हेर्न सकिने छ।

१०. अन्य कुरा प्रचलित कानून र व्यवस्था बमोजिम हुनेछ।

११. यस सूचनाको विवरण मन्त्रालयको वेबसाईट https://mof.gov.np मा समेत हेर्न सकिनेछ।